# तामाकोशी गाउँपालिका
## Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

Website:-www.tamakoshimun.gov.np
e-mail:-cao@tamakoshimun.gov.np

जफे, दोलखा
Japhe, Dolakha
३ नं. प्रदेश, नेपाल
3 No Province, Nepal


पत्र संख्या/Ref. No :- २०७५।७६
चलानी नं/Dispatch No :- ३१०००

मिति/Date : २०७६।०२।१५

**विषय/Subject :-** योजना तथा बेरोजगार व्यक्ति छनौट गरी पठाउने बारे

श्री वडा कार्यालयहरु सबै (७)
तामाकोशी गाउँपालिका, दोलखा ।

प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ कार्यान्वयन गर्नका लागि बनेको "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६" (यसैसाथ संलग्न छ) को दफा ८ उपदफा (२) र (३) अनुसार हुनेगरी आ.व. २०७५।७६ को कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि आफ्नो वडाबाट सोहि कार्यविधिको दफा ९ बमोजिम हुनेगरी अधिकतम अनुमानित रू. तीन लाख साठी हजारसम्म नबढ्ने गरी कुनै एक आयोजना र तपसिल बमोजिमको संख्यामा सुचीकृत बेरोजगारहरु मध्येबाट १० जना बैकल्पिक संख्याको सुची नामावली सहित "प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" (यसैसाथ संलग्न छ) को दफा २१ को उपदफा (३) बमोजिम छनौट गरी यस गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रमा सिफारिस साथ ५ दिनभित्र अनिवार्य रुपमा पठाउनहुन अनुरोध छ ।

तपसिल

| वडा नं. | सुचीकृत बेरोजगारको आवश्यक संख्या | कैफियत |
|---|---|---|
| १ | ४० | |
| २ | ४० | |
| ३ | ५० | |
| ४ | ४० | |
| ५ | ५० | |
| ६ | ४० | |
| ७ | ३० | |

(विज्ञान कोइराला)
प्रमुख प्रशासकीय अधिकृत

(ग) यस कार्यविधि बमोजिम कामका लागि पारिश्रमिक प्रदान गर्ने प्रयोजनका लागि सञ्चालन गरिने आयोजनामा डोजर, एक्काभेटर, लोडर लयायतका सवै प्रकारका हेवी मेसिन, यन्त्र वा उपकरण प्रयोग गर्न पाईने छैन ।

४. स्थानीय तहले दफा ३ बमोजिमको रोजगार आयोजना सञ्चालन गर्न यसै कार्यविधिको दफा १३ बमोजिमको श्रमिक समूह मार्फत वा एक लाख रुपैयाँमा नबढाई खण्ड खण्ड गरी सिधै वार्ताबाट आयोजनाको ज्याला वापतको रकम श्रमिकलाई सोझै भुक्तानी हुने गरी अमानतबाट गराउन सक्नेछ ।

५. दफा ३ को खण्ड (क) बमोजिमका 'कामका लागि पारिश्रमिक' आयोजना सञ्चालन गर्दा निर्देशिकाको दफा ६८ अनुसार आयोजनाको कूल लागतको कम्तिमा सत्तरी प्रतिशत रकम श्रमिकको ज्यालामा खर्च गर्नु पर्नेछ ।

६. दफा ३ को खण्ड (ख) बमोजिमको 'श्रमिकको ज्याला रकममा साझेदारी' आयोजना सञ्चालन गर्दा देहायका शर्तहरुको अधिनमा रही गर्नु पर्नेछ :

(क) अनुदान रकम रोजगार सेवा केन्द्रबाट खटिएका श्रमिकको ज्यालामा मात्रै भुक्तानी गर्नु पर्नेछ ।

(ख) यस प्रकारको आयोजना सञ्चालन गर्दा स्थानीय तहले खण्ड (क) बमोजिम हुने कुल खर्चको एक प्रतिशत बराबरको कन्टिन्जेन्सी रकम आयोजनाको व्यवस्थापनमा खर्च गर्न सक्नेछ ।

(ग) खण्ड (क) र (ख) मा उल्लिखित कामका लागि वाहेक अन्य कुनै पनि प्रयोजनमा अनुदान रकम खर्च गर्न पाईनेछैन ।

७. स्थानीय तहले नेपाल सरकार वा प्रदेश सरकारबाट यस कार्यक्रमका लागि प्राप्त अनुदानमा आफ्नो आन्तरिक बजेट थप गरी दफा ५ र ६ बमोजिमका शर्तहरुको अधीनमा रहेर थप रोजगारी दिने गरी आयोजना सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ३

## आयोजना सञ्चालन

८. **आयोजना छनौट**: (१) आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भएका आयोजनाहरुको सूचीबाट छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजना उपलब्ध नभएको अवस्थामा सम्बन्धित वडाले दफा ९ बमोजिमका क्षेत्रभित्र पर्ने गरी सम्बन्धित समुदायको संलग्नतामा स्थानीय आवश्यकता र प्राथमिकता अनुसारका आयोजना गाउँपालिका वा नगरपालिकामा शिफारिस गरी पठाउनु पर्नेछ । यसरी प्राप्त आयोजनाहरुको गाउँपालिका वा नगरपालिकाले उपयुक्तताको मूल्यांकन गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिका वा नगरपालिकाले आयोजनाको उपयुक्तता मूल्यांकन गरी प्राथमिकता निर्धारण गर्दा देहायका आधारहरु अनुसार गर्नेछ :

क) भौगोलिक विकटता,

ख) गरिबीको स्तर,

ग) विकास निर्माणका अन्य क्रियाकलापहरुको अवस्था,

घ) प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्र,

ङ) बेरोजगारहरुको संख्या, र

च) गाउँ/नगर कार्यपालिकाले प्राथमिकीकरण गरेको क्षेत्र ।

(४) यस दफा बमोजिम छनौट गरिने एक आयोजनाको लागत अधिकतम रु. ५ लाख भन्दा बढीको हुने छैन् ।

९) **आयोजनाका प्रकार**: दफा ३ बमोजिम आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुलाई प्राथमिकता दिई कार्य सञ्चालन गर्नु पर्नेछ :

(क) सडक निर्माण तथा मर्मत

- स्थानीय तहका सडकहरुको नियमित मर्मत सम्भार,
- स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र, हाटबजार, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार ।

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि हाल संचालनमा रहेको कुलो, पैनी वा पोखरीको मर्मत सम्भार तथा स्तरोन्नती,
- पोखरी तथा पानीको मूल संरक्षण,

- सामूहिक फलफुल खेती,
- सार्वजनिक स्थलमा फलफुल बगैचा निर्माण,
- कृषि तथा पशूपंक्षी उत्पादनको भण्डारण तथा विक्रि वितरणका लागि आवश्यक पर्ने शीत भण्डार, हाट बजार, तरकारी संकलन केन्द्रको निर्माण तथा मर्मत सम्भार ।

(ग) ग्रामीण खानेपानी

- खानेपानीको मूल संरक्षण तथा खानेपानी आयोजनाहरुको निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(घ) स्वास्थ्य तथा सरसरफाई

- स्वास्थ्य चौकी तथा प्रसुति गृह भवन निर्माण तथा मर्मत सम्भार,
- सार्वजनिक सौचालय निर्माण तथा स्तरोन्नति,
- फोहोर व्यवस्थापन तथा सार्वजनिक स्थलहरुको सरसफाई ।

(ङ) शिक्षा

- विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय, खेल मैदान, कम्पाउण्ड, बगैंचा आदि पूर्वाधार निर्माण, विस्तार तथा मर्मत सम्भार,
- सार्वजनिक खेलकुद मैदान निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(च) वन तथा जलाधार

- बृक्षारोपण तथा फलफूलको विरुवा रोपण तथा संरक्षण,
- जलाधार संरक्षण तथा भूक्षय रोकथाम,
- पहिरो तथा नदी नियन्त्रण,
- साना बाँध निर्माण ,
- स्थानीय पार्क निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार,
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा हुने सेड तथा चौतारो निर्माण,
- पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण ।

(ज) स्थानीय आवश्यकता अनुसारका अन्य श्रमप्रधान आयोजनाहरु ।

for Work)' मा आधारित रोजगार आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न वा प्राथमिकताको सूचीमा रहेका बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन सार्वजनिक क्षेत्रका कार्यान्वयनको क्रममा रहेका नियमित आयोजनामा 'श्रमिकको ज्यालाको रकममा साझेदारी (Labour Wage Sharing) गरी रोजगार कार्यक्रमको कार्यान्वयन गर्न सक्नेछन् ।

२०. **श्रमिक माग गर्नु पर्ने** : (१) नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालयहरु र स्थानीय तह अन्तर्गतका सार्वजनिक निर्माण वा सार्वजनिक क्षेत्रका अन्य आयोजनाहरुले आ-आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक पर्ने श्रमिक अनुसूची ३ बमोजिमको फाराम भरी रोजगार सेवा केन्द्रबाट माग गर्नु पर्नेछ ।

(२) ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने सार्वजनिक क्षेत्रका आयोजनामा ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायीले आयोजना निर्माण गर्न आवश्यक पर्ने अदक्ष श्रमिक आयोजना प्रमुख मार्फत सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्रसँग माग गरी काममा लगाउनु पर्नेछ ।

(३) निर्माण व्यवसायीले उपदफा (२) बमोजिमका आयोजना निर्माणमा आवश्यक पर्ने अर्धदक्ष र दक्ष श्रमिक समेत उपलब्ध भएसम्म सम्बन्धित रोजगार सेवा केन्द्रबाटै माग गरी काममा लगाउनु पर्नेछ ।

(४) उपदफा (२) र (३) का व्यवस्थाहरुलाई कार्यान्वयन गर्न आयोजना प्रमुखले निर्माण व्यवसायीसँग गर्ने ठेक्का सम्झौतामै आवश्यक शर्तहरु समावेश गर्नु पर्नेछ ।

२१. **काममा खटाउनु पर्ने** : (१) दफा २० बमोजिम श्रमिक माग भई आएपछि रोजगार सेवा केन्द्रले माग प्राप्त भएको सात दिन भित्र बेरोजगारको सूचीमा सूचीकृत व्यक्तिहरुलाई सम्बन्धित आयोजनाहरुमा लाभग्राही परिचयपत्र सहित काम गर्न खटाउनु पर्नेछ ।

(२) सूचीकृत बेरोजगार व्यक्तिहरुलाई काममा खटाउँदा देहाय अनुसारको स्थानको आयोजनामा क्रमशः खटाउनु पर्नेछः

(क) श्रमिक माग भई आएका आयोजना मध्ये बेरोजगार व्यक्ति बसोबास गरेको स्थानबाट सबैभन्दा नजिक पर्ने तथा पहुँच सहज हुने सम्बन्धित वडाभित्र सञ्चालन भएको आयोजनामा,

(ख) सम्बन्धित स्थानीय तहभित्र सञ्चालन भएको आयोजनामा,

(ग) सम्बन्धित स्थानीय तहभित्र सञ्चालन भएको बेरोजगार व्यक्तिको रुची, अनुभव र क्षमता अनुकूलको आयोजनामा,

(घ) सूचीकृत बेरोजगार व्यक्ति सबैलाई सम्बन्धित स्थानीय तहभित्रै रोजगारी दिन नसकिने र सो स्थानीय तहभन्दा बाहिर आफ्नै जिल्लाभित्रको कुनै स्थानीय तहबाट श्रमिक माग भई आएको अवस्थामा सो स्थानीय तह रहेको जिल्लाभित्रको सबभन्दा नजिक पर्ने स्थानको आयोजनामा,

(ङ) कुनै पनि स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिहरुबाट मात्र काम गराउन श्रमिक पर्याप्त नभएर सो स्थानीय तहले श्रमिक उपलब्ध गराउन सक्ने स्थानीय तहलाई श्रमिक माग गरी पठाएमा सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र न्यूनतम रोजगारी प्राप्त हुन नसकेको भनी गरेको सिफारिसका आधारमा देशभरको जुनसुकै स्थानको रोजगार आयोजनामा ।

(३) उपदफा (१) बमोजिम बेरोजगार व्यक्तिलाई काममा खटाउँदा उपलब्ध रोजगारीका अवसरहरु सूचीकृत सबै बेरोजगार व्यक्तिका लागि पर्याप्त नभएको अवस्थामा देहाय बमोजिमको प्राथमिकताक्रममा क्रमशः खटाउनु पर्नेछः

(क) कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य,

(ख) बसोवासका लागि आफ्नै घर नभएको परिवारको सदस्य,

(ग) एकल महिला घरमूली भएको परिवारको सदस्य,

(घ) दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य,

(ङ) वार्षिक न्यूनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारको सदस्य,

(च) कोही पनि सदस्यले न्यूनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुने गरी स्वरोजगार नभएको परिवारको सदस्य,

(छ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य,

(ज) परिवारमा काम गर्ने उमेर (१८-५९) को वा काम गर्न सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको परिवारको सदस्य,

(झ) महिला बेरोजगार व्यक्ति,

(ञ) अन्य बेरोजगार व्यक्ति ।

(४) रोजगार सेवा केन्द्रले उपदफा (३) बमोजिमका आधारहरु अनुरुप तयार पारेको बेरोजगार व्यक्तिको अद्यावधिक सूची गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले निर्णय गरी सार्वजनिक गर्नु पर्नेछ ।

२२. **बेरोजगार व्यक्तिको सूचीबाट हटाइने** : (१) कुनै बेरोजगार व्यक्तिले रोजगार आयोजनाले निजलाई खटाइए बमोजिमको काम गर्न इन्कार गरेमा वा दफा ९ को उपदफा (४) बमोजिमको आचरण र अनुशासनको पालना नगरेमा सो ब्यहोरा सम्बन्धित आयोजनाले सम्बन्धित रोजगार सेवा केन्द्रमा लेखी पठाउनु पर्नेछ । सोही आधारमा सम्बन्धित रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ ।

(२) कुनै बेरोजगार व्यक्ति रोजगार सेवा केन्द्रमा सूचीकृत भएपछि काममा खटाइनु पूर्व वा खटाइसकेपछि निज अन्यत्र रोजगारीका लागि गएमा निजले रोजगार सेवा केन्द्रमा सोको जानकारी गराउनु पर्नेछ र सोही आधारमा रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ ।

२३. **श्रमिक माग गर्न सक्ने** : स्थानीय तहभित्रका निजी, सहकारी तथा गैर सरकारी संस्थाहरुले अनुसूची ४ बमोजिमको फाराम भरी आफूलाई आवश्यक पर्ने योग्यता, क्षमता, अनुभव तथा सीप भएको श्रमिक रोजगार सेवा केन्द्रमा माग गरी पठाउन सक्नेछन् ।